# नेपाल स्काउट निर्वाचन सञ्चालन कार्यविधि, २०८०

नेपाल स्काउट निर्वाचन समितिबाट स्विकृत

मिति २०८० माघ १४ गते

**प्रस्तावना** : नेपाल स्काउट ऐन २०५० (संशोधन सहित) तथा नेपाल स्काउट नियमावली २०७७ को अधिनमा रही नेपाल स्काउट निर्वाचन निर्देशिका २०७८ (दोश्रो संसोधन २०८०) को दफा ८(१), छ) बमोजिम नेपाल स्काउटको स्थानीय, प्रदेश र राष्ट्रिय तहको निर्वाचन ब्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले,

नेपाल स्काउट निर्वाचन समितिले यो निर्वाचन कार्यविधि बनाएकोछ ।

## परिच्छेद-१

## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम 'नेपाल स्काउट निर्वाचन सञ्चालन कार्यविधि, २०८०' रहेको छ ।

(२) यो कार्यविधि निर्वाचन समितिले स्विकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "उम्मेदवार" भन्नाले नेपाल स्काउटको स्थानिय, प्रदेश र राष्ट्रिय परिषद् निर्वाचनका लागि रीतपूर्वक मनोनयन दर्ता गराएको ब्यक्ति सम्झनुपर्दछ ।

(ख) "ऐन" भन्नाले नेपाल स्काउट ऐन, २०५० सम्झनुपर्दछ ।

(ग) "कर्मचारी" भन्नाले निर्वाचन प्रक्रियामा खटिने नेपाल स्काउटको स्थानिय, प्रदेश वा प्रधान कार्यालयमा कार्यरत कर्मचारी सम्झनुपर्दछ ।

(घ) "निर्वाचन अधिकृत" भन्नाले तोकिएको स्थानिय तह वा प्रदेश तहमा निर्वाचन सञ्चालन गर्न निर्वाचन समितिले खटाएको अधिकार प्राप्त ब्यक्ती सम्झनुपर्दछ ।

(ङ) "नियमावली" भन्नाले नेपाल स्काउट नियमावली, २०७७ सम्झनुपर्दछ ।

(च) "निर्देशिका" भन्नाले नेपाल स्काउट निर्वाचन निर्देशिका २०७८ (दोश्रो संसोधन

२०८०) सम्झनुपर्दछ ।

(छ) "निर्वाचन आचारसंहिता" भन्नाले नेपाल स्काउट निर्वाचन निर्देशिकामा उल्लेखित आचारसंहिता सम्झनुपर्दछ ।

(ज) "निर्वाचन समिति" भन्नाले नेपाल स्काउट निर्वाचन निर्देशिका बमोजिम गठित निर्वाचन समिति सम्झनुपर्दछ ।

(झ) "मतदान अधिकृत" भन्नाले तोकिएको स्थानिय तह, प्रदेश तहमा वा केन्द्रिय तहमा मतदान कार्य सञ्चालन गर्न निर्वाचन समिति वा निर्वाचन अधिकृतले खटाएको अधिकार प्राप्त व्यक्ति सम्झनुपर्दछ ।

(ञ) "मतदाता" भन्नाले नेपाल स्काउटको स्थानिय, प्रदेश र राष्ट्रिय परिषद् निर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनुपर्दछ ।

(ट) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि निर्वाचन समितिले व्यवस्था गरेको मतपत्र सम्झनुपर्दछ ।

(ठ) "मतपेटिका" भन्नाले मतदाताले मतसंकेत गरेको मतपत्र राख्नको लागि निर्वाचन समितिले व्यवस्था गरेको मतपेटिका सम्झनुपर्दछ ।

(ड) "मतदान प्रतिनिधि" भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नका लागि नियुक्त गरेको व्यक्ति सम्झनुपर्दछ ।

(ढ) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि निर्वाचन समिति वा निर्वाचन अधिकृतले तोकेको मतदान केन्द्र सम्झनुपर्दछ ।

## परिच्छेद-२

## मनोनयन

३. **उम्मेदवारको मनोनयन सम्बन्धमा** : **(१) मनोनयन दिने प्रक्रिया** : ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम योग्यता पुरा भएको व्यक्तिले कुनै पदको निर्वाचनको लागी तोकिए वमोजिमको मनोनयन पत्रमा एकजना मतदाताले प्रस्ताव गरी र अर्को एकजना मतदाताले सो प्रस्तावको समर्थन गराई निर्वाचन अधिकृतले तोकेको स्थान, मिति र समयमा आफैं उपस्थित भई इच्छाएको पदमा मनोनयन

दिन सक्नेछन्। तर कुनै निर्वाचन हुन योग्य पालिकामा प्रस्तावक र समर्थकका लागि आवश्यक मतदाता नभएमा उम्मेदवार हुने मतदाता अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक हुन बाधा पर्ने छैन ।

**(२) मनोनयनपत्र साथ देहायका कागजात वा विवरण संलग्न हुनुपर्नेः**

(क) नेपाली नागरिकको परिचय खुल्ने सरकारी कागजात वा प्रमाणित प्रतिलिपि

(ख) नेपाल स्काउट सदस्यता दर्ता पोर्टलबाट जारी भएको वारेन्ट कार्ड

(ग) धरौटी जमानत राखेको नगदी रसिद वा बैंक भौचर

(घ) रितपूर्वक भरिएको मनोनयन दर्ताको फारम

(ङ) रितपुर्वक भरिएको स्वघोषणाको फारम

**(३) मनोनयन दर्ता गर्नेः** निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा उल्लेखित मिति र समयमा आफू समक्ष दर्ताका लागि दाखिला भएका मनोनयनपत्र दर्ता गर्नु अघि मनोनयन पत्रको जाँच गरी मनोनयन पत्र रित पुगेको छ वा छैन हेरी रित पुगेको मनोनयन पत्र दर्ता गर्नु पर्नेछ र रित नपुगेको मनोनयन दर्ताको फारम तत्काल सच्याउन लगाउनु पर्नेछ । साथै मनोनयन दर्ता गरेको निस्सा मनोनयन दर्ता गराउनेलाई दिनु पर्नेछ ।

**(४) मनोनयन दर्ता गरेका उम्मेदवारको सूची प्रकाशित गर्ने :** निर्वाचन अधिकृतले मनोनयन दर्ता गर्ने समयावधि समाप्त भएपछि मनोनयन दर्ता भएका उम्मेदवारको नामावली प्रकाशित गर्नु पर्नेछ ।

**(५) उम्मेदवारको विरोधमा उजुरी दिन सकिने :** निर्वाचन हुने कुनैपनि पदमा मनोनयन दर्ता गराएका उम्मेदवारको विरुद्धमा नेपाल स्काउटका आधिकारीक सदस्यले निर्वाचन समिति वा अधिकृत समक्ष लिखित उजुरी दर्ता गराउन सक्नेछन् ।

**(६) मनोनयनपत्र जाँचः** दर्ता भएको मनोनयनपत्र जाँच गर्न निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा उम्मेदवार आफैं उपस्थित भई मनोनयनपत्र जाँच गर्नु पर्नेछ ।

**(७) उजुरीमा निर्णय गर्नेः** कुनै उम्मेदवारको योग्यता र मनोनयनपत्रको रित नपुगेको सम्वन्धमा उजुरी दर्ता हुन आएमा निर्वाचन समिति वा निर्वाचन अधिकृतले आबश्यक जाँच गरी उजुरीको सम्बन्धमा भएको निर्णय गरी जानकारी दिनुपर्नेछ । तर यसरी निर्णय गर्नु अघि निर्वाचन समिति वा निर्वाचन अधिकृतले जसको विरुद्धमा उजुरी दर्ता भएको हो, सो ब्यक्तिलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ ।

**(८) मनोनयनपत्र वदर हुने** : उम्मेदवारको योग्यता नपुगेमा, उम्मेदवार, प्रस्तावक र समर्थकको मन्जुरी नभएमा वा सहीछाप नभएमा वा किर्ते भएमा, मनोनयनपत्र तोकिएको समय भित्र दाखिला नभएमा, धरौटी नराखेमा वा धरौटी अपुग भएमा मनोनयनपत्र वदर हुनेछ ।

**(९) उम्मेदवारको नामावली प्रकाशित गर्ने** : निर्वाचन अधिकृतले सवै मनोनयनपत्रको जाँच गरिसकेपछि कानुन वमोजिम रित पुगेका उम्मेदवारको नामावली प्रकाशित गरी एक प्रति आफ्नो कार्यालयमा समेत अभिलेख राख्नु पर्नेछ ।

**(१०) उम्मेदवारी फिर्ता लिन सक्ने** : कुनै उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा तोकिएको समयभित्र निर्वाचन अधिकृतलाई आफैं उपस्थित भई लिखित निवेदन दिई नाम फिर्ता लिन सकिनेछ ।

**(११) उम्मेदवारको नाम हटाउने** : कुनै उम्मेदवारले आफैं उपस्थित भई लिखित निवेदन दिई नाम फिर्ता लिएमा निर्वाचन अधिकृतले फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीवाट हटाउनु पर्नेछ ।

**(१२) उम्मेदवारको अन्तिम नामावली प्रकाशन** : उम्मेदवारले नाम फिर्ता लिने समयअवधि समाप्त भएपछि फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीवाट हटाएर निर्वाचन अधिकृतले कायम रहन आएका उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्नुपर्नेछ ।

**(१३) उम्मेदवारलाई परिचय पत्र दिने** : उम्मेदवारको अन्तिम नामावलीमा नाम उल्लेख भएका उम्मेदवारलाई निर्वाचन अधिकृतले उम्मेदवारको परिचयपत्र प्रदान गर्नु पर्नेछ ।

**(१४) निर्विरोध निर्वाचन**: उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा कुनै पनि पदमा जति जना निर्वाचित हुने हो त्यति नै संख्या वा सो भन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो पदमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नुपर्नेछ ।

## परिच्छेद - ३

### मतदान

४. **कर्मचारी सम्वन्धी व्यवस्था** : **(१) नियुक्ति** : प्रत्येक मतदान केन्द्रका लागि सम्वन्धित निर्वाचन अधिकृतले निर्वाचन समितिसँग समन्वय गरी आबश्यक मतदान अधिकृत र अन्य कर्मचारीको नियुक्ति गर्न सक्नेछन् । यसरी नियुक्त गरिएका मतदान अधिकृत र कर्मचारीले सम्वन्धित मतदान केन्द्रमा गई निर्वाचन सम्बन्धि कार्य सम्पन्न गर्नुपर्नेछ ।

(२) **उत्तरदायी हुने** : निर्वाचन केन्द्रमा खटिएका मतदान अधिकृत, कर्मचारी, स्वयमसेवक सुरक्षाकर्मीहरु निर्वाचन सम्वन्धि कामका लागी निर्वाचन अधिकृत र निर्वाचन समिति प्रति उत्तरदायी हुनेछन् । निर्वाचनका लागि खटिएका निर्वाचन अधिकृतहरु निर्वाचन समिति प्रति उत्तरदायी हुनेछन्।

**५. <u>निर्वाचन सामाग्री सम्वन्धी व्यवस्था</u> : (१) निर्वाचन सामाग्री सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**

(क) **सामाग्री वुभिलिने** : निर्वाचन अधिकृतले मतदान केन्द्रमा प्रयोग हुने मतदाता नामावली, मतपत्र, मतपेटीका, सुरक्षण सिल, स्वस्तिक छाप, छापदानी, नमेटिने मसी भएको मार्कर, छेकावार, अनुसूची फारम, ऐन, नियम, निर्देशिका, लगायत सवै प्रकारका सामाग्रीहरु रुजु गरी निर्वाचन समिति, नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय वा प्रदेश स्काउट कार्यालयबाट बुभिलिनु पर्नेछ ।

(ख) **मतपत्र वुभिलिने** : मतदान अधिकृतले निर्वाचन अधिकृतवाट मतपत्र वुभिलिँदा निर्वाचन समितिले पठाएको जाचँवुभ गरी सिलछाप लगाई लिनुपर्नेछ। त्यसरी मतपत्र वुभिलिदा मतदान केन्द्रका लागी छुट्याएको मतपत्रको क्रमसंख्याको शुरु र अन्तिम क्रमसंख्या खुलाई वुभिलिनु पर्नेछ र निर्वाचन अधिकृतले सोको अभिलेख राख्नु पर्नेछ|

(ग) **दस्तखत नमुना लिने** : स्थानीय परिषद निर्वाचन, प्रदेश परिषद निर्वाचन र राष्ट्रिय परिषदको निर्वाचनको लागि निर्वाचन अधिकृतको रुपमा खटिने अधिकृतहरुले निर्वाचन समिति समक्ष आफ्नो दस्तखत नमुना सम्बन्धित प्रदेश कार्यालयमार्फत पठाउनु पर्नेछ। निर्वाचन समितिले त्यसको अभिलेख राख्नु पर्नेछ ।

**६. <u>मतदान केन्द्र निर्माण</u>:** (१) मतदान अधिकृतले आफु खटिएको मतदान केन्द्रमा आफ्नो टोलीमा खटिएका कर्मचारीहरुको समेत परामर्श गरी मतदातालाई सहज र समान पहुँच हुने गरी मतदान केन्द्र निर्माण गर्नुपर्नेछ।

(२) **मतदान केन्द्रमा व्यवस्था गर्नुपर्ने अन्य कुराहरु** :मतदान अधिकृतले मतदान केन्द्र निर्माण गरिसकेपछि त्यस्तो केन्द्रमा देहाय वमोजिमका अन्य व्यवस्था मिलाउनु पर्नेछ :

(क) मतदाता प्रवेश गर्ने द्धारमा “भित्र” र मतदाता बाहिर निस्कने द्धारमा “बाहीर” लेखिएको कार्ड सवैले देख्ने गरी टाँस्ने ।

(ख) मतदान केन्द्रको प्रवेश द्धारमा महिला र पुरुष मतदाता अलग अलग रुपमा लामवद्ध हुन सक्ने गरी डोरी वा बाँसले मतदाताको लागी लाम लाग्ने ठाँउ छुट्याई “महिला” वा “पुरुष” लेखिएको अलग अलग कार्ड भुड्याउने ।

(ग) गोप्य मतदान कक्ष बनाउँदा भऱ्याङ्ग वा सिंढी चढेर जानुपर्ने ठाँउमा नबनाउने ।

(घ) मतदान केन्द्रभित्र कुनै पनि उम्मेदवारको पर्चा, पम्पलेट, पोष्टर प्रचार जस्ता सामाग्री रहेछ भने सो हटाउने ।

(ङ) मतदान अधिकृतले मतदान केन्द्रमा मोवाइल निषेध गरी सोको सूचना सवैले देख्ने गरी टाँस गर्नु पर्ने।

७. **मतदान केन्द्र निर्माणपछि गर्नुपर्ने अन्य काम** : **(१) प्रचार प्रसार गर्न वा शान्ति भङ्ग गर्न निषेध गरेका सूचना प्रकाशन गर्ने** : मतदान अधिकृतले मतदान हुने दिनभन्दा अठ्चालिस घण्टा अघिदेखि मतदानका काम पूरा नभएसम्म कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा वोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नारावाजी गर्न तथा अन्य कुनै प्रकारले प्रचारप्रसार गर्ने वा गराउन नपाउने ब्यहोराको सूचना मतदान केन्द्रमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

**(२) हातहतियार लिएर हिड्न वा प्रयोग गर्न नदिने** : निर्वाचन अधिकृत वा मतदान अधिकृतले निर्वाचन हुने स्थानमा कसैलाई पनि हातहतियार वा हातहतियार जस्तो देखिने शंकास्पद वस्तु लिएर हिड्न वा प्रयोग गर्न रोक लगाउने ।

**(३) गिरफ्तार गर्न सकिने** : निर्वाचन तथा मतदान सम्वन्धि कार्यमा बाधा पुर्याउने वा उम्मेद्वार तथा मतदातालाई भयभित पार्ने वा सुरक्षामा खलल पुऱ्याउनेलाई निर्वाचन अधिकृत वा मतदान अधिकृतले उपस्थित सुरक्षाकर्मीलाई अनुरोध गरी गिरफ्तार गराउन सकिनेछ ।

**(४) निर्वाचन समाग्री मतदान केन्द्रवाट बाहिर लैजान नहुने** : मतदान कार्य समाप्त भई अन्य सम्पुर्ण प्रक्रिया पूरा नहुञ्जेलसम्म मतदान कार्यमा प्रयोग भएका मतदान सामाग्री मतदान केन्द्रभन्दा बाहिर लैजान र अनधिकृत ब्यक्तिलाई छुन दिनु हुदैन।

८. **कार्य विभाजन** : निर्वाचन समिति तथा निर्वाचन अधिकृतले मतदान कार्य सफलतापुर्वक सञ्चालन गर्न मतदान अधिकृत, अन्य कर्मचारी र स्वयंमसेवकलाई देहाय वमोजिम कार्य विभाजन गरी जिम्मेवारी समेत तोक्न सक्नेछ :

(१) मतदानका लागि उपस्थित मतदाताको मतदाता परिचय पत्र हेरी मतदाता नामावलीमा नाम रुजु गर्ने ,

(२) नाम रुजु गरी आएको मतदाताको तथ्यांक फारममा अभिलेख राख्ने,

(३) मतदाताको औंलामा नमेटिने मसि लगाउने,

(४) मतदातालाई मतपत्र दिने,

(५) मतदान केन्द्रमा मतदाताको लाइन ब्यवस्थापन र अन्य कार्यमा सहयोग पुर्याउने, मतदान गरिसकेपछि मतदाताले मतपेटिकामा मतपत्र खसाले नखसालेको निगरानी गर्ने तथा मतदान गरिसकेको मतदातालाई बाहिर पठाउने ।

९. **मतदानको तयारी** : (१) मतदान हुने दिन मतदान प्रारम्भ हुनुभन्दा अघि मतदान केन्द्रमा मतदान सम्वन्धि सवै ब्यवस्थाको प्रवन्ध पूरा भए नभएको कुराको मतदान अधिकृतले निरीक्षण गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानका लागी मतपेटीका राख्नु पर्नेछ। त्यस्तो मतपेटीकामा मतदान अधिकृतले मतदान कार्य प्रारम्भ हुनु पहिले नै मतदान केन्द्रको नाम, ठेगाना तथा मतपेटीकाको क्रम संख्या उल्लेख भएको स्टिकर मतपेटीकाको बाहिरी भागमा टाँसगरि त्यसमा आफ्नो दस्तखत समेत गर्नुपर्नेछ । राखिएको मतपेटीका मतपत्रले भरिएमा मतदान अधिकृतले रित वमोजिम अर्को मतपेटिका राख्नुपर्नेछ । यसरी थप गरिएको मतपेटिकामा समेत मतपेटिकाको क्रमसंख्या क्रमशः उल्लेख गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले मतदान शुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उम्मेदवार वा प्रतिनिधिलाई देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गरी मतपेटिकाको ढकनी (विर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी मतपेटीका वन्द गरी मुचुल्का गर्नु पर्नेछ ।

(४) मतदान अधिकृतले मतदानको कार्य शुरु गर्नु अघि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा स्वस्तिक छाप जाँचगरी मुचुल्का तयार गर्नुपर्नेछ । सो मुचुल्कामा सो स्थानमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

(५) मतदान अधिकृत, सहायक मतदान अधिकृत, निर्वाचनमा खटिएका अन्य कर्मचारी, उमेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र स्वयमसेवकले निर्वाचन समितिले उपलब्ध गराएको परिचयपत्र देखिने गरी लगाउनु पर्दछ । परिचयपत्र नभएका ब्यक्तिहरुलाई मतदान तथा मतगणना स्थलमा प्रवेश दिन हुँदैन ।

१०. **मतदान प्रारम्भ गर्ने** : (१) मतदान अधिकृतले मतदान हुने दिन निर्धारित समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ।

(२) मतदान अधिकृतले दस्तखत गरेको मतपत्र मात्र मतदान गर्नको लागि उपस्थित मतदातालाई प्रदान गर्नु पर्नेछ ।

(३) मतदान केन्द्रमा मतदाता प्रवेश गरिसकेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ वा छैन र मतदाता नामावलीमा भएको ब्यहोरासँग भिड्छ भिड्दैन सो जाँच गर्नुपर्दछ । यसरी जाँच गर्दा मतदाताको फोटो, नाम, थर उमेर, सो मतदाताको वारेण्ट नम्बर, संलग्न भएको स्काउट इकाइ आदि सोधी जाँच गर्दा मतदाता नामावलीमा लेखिएको ब्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत

वा निजले खटाएको कर्मचारी विश्वस्त भएमा निजलाई मतपत्र दिनुपर्ने छ । मतदातालाई मतपत्र दिई सकेपछि मतदाता नामावलीमा रहेको निजको नामको अगाडी रेजा चिन्ह (√) लगाउनु पर्नेछ ।

(४) मतदाता नामावलीमा नाम रुजु भएपछि तथ्याकं फारममा अभिलेख जनाई मतदाताको वायाँ वा दायाँ हाताको वुढी औंलामा नमेटिने मसि वा नमेटिने मसि भएको मार्करले चिनो लगाउनु पर्नेछ ।

(५) मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदातालाई मतपत्र दिनुभन्दा पहिले निजलाई प्रदान गरिने मतपत्रको अर्धकट्टीको माथिल्लो भागमा मतदाताको नाम र मतदाताको वारेन्ट नम्बर समेत लेखि सो मतदाताको सहीछाप गराई मतपत्र दिनुपर्नेछ । मतदातालाई मतदानका लागि मतपत्र दिँदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी दस्तखत भएको मतपत्र मात्र दिनु पर्नेछ । मतदाताले पनि मतपत्र लिँदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी लिनु पर्नेछ ।

(६) मतपत्र लिएको मतदाताले स्वस्तिक चिन्ह भएको मत संकेत गर्ने छाप लिएर मत संकेत गर्ने गोप्य स्थान जानुपर्नेछ । मतदाताले मत संकेतका लागि गोप्य कक्ष नजिकै रहेको छापदानीमा मत संकेत गर्ने स्वस्तिक चिन्ह भएको छाप चोपी मतपत्रमा जुन पदको लागि जतिजना निर्वाचित गर्नु पर्ने हो आफुले रोजेको त्यतिनै जना उम्मेदवारको निर्वाचन चिह्न वा नाम भएको स्थानमा गोप्य रुपमा छाप लगाउनु पर्नेछ । त्यसरी मतसंकेत गरेको छाप छोपिने गरी सो मतपत्र पट्याउनुपर्नेछ र पट्याउदा मसी नलत्पतिनेगरी पट्याउनु पर्नेछ । यसरी पट्याएको मतपत्र वाहीर आई मतपेटिका भित्र खसाल्नु पर्नेछ ।

(७) मतदान गरिसकेपछि मतदातालाई मतदान कक्षतिर फर्किन नमिल्ने गरी तुरुन्त वाहिर जाने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) निर्वाचन अधिकृत, मतदान अधिकृत, वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मत संकेत गर्ने गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिनुपर्नेछ । तर अशक्त मतदाताको साथमा जान इच्छाएको व्यक्तिलाई त्यस्तो मतदाताको साथमा मत संकेत गर्ने गोप्य कक्षमा प्रवेश गर्न दिइनेछ ।

(९) मतदान अधिकृतले गर्भवती, अशक्त, ज्येष्ठ नागरिक, विरामी, किरियापुत्री, सुत्केरी मतदातालाई मतदान गर्ने क्रममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था गर्नुपर्नेछ ।

(१०) कुनै मतदाताले मतदान सम्वन्धमा आफुले नजानेको कुरा सोधेमा मतदान अधिकृत वा निर्वाचनमा खटिने कर्मचारीले त्यस्ते कुरा सिकाउनु वा वुझाउनु पर्नेछ । तर कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने कुरा भन्न कुनै किसिमले संकेत गर्नु हुँदैन ।

(११) निर्वाचन अधिकृत, मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारी वा सुरक्षाकर्मीले मतदान गर्न मतदातालाई उपलब्ध गराएको मतपत्र मतपेटिकामा नखसाली मतदान केन्द्रवाट वाहिर लैजान वा कुनै किसिमले नष्ट गर्न दिनु हुँदैन ।

(१२) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नको लागि मतपत्र लिन आएमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा सोही मतदान अधिकृत समक्ष निवेदन दिई विरोध गर्न सक्नेछ ।

(१३) मतदान अधिकृतले मतदानको अवधिमा मतदानक्षेत्र भित्र कामको सम्वन्धमा निरीक्षण गर्नु पर्नेछ र त्यहाँ कुनै समस्या रहेछ भने सो समस्याको तत्काल सामाधान गरी मतदान कार्य लगातार चालु राख्नु पर्नेछ ।

(१४) मतदानका लागि तोकिएको समय अवधिभित्र मतदान केन्द्रभित्र प्रवेश गरी लामवद्द भइसकेका मतदातालाई निर्धारित समय समाप्त भएता पनि मतदान गर्न अनुमति दिनु पर्नेछ ।

(१५) मतदान गर्नको लागि कुनै मतदाता मतदान केन्द्रमा उपस्थित नभएता पनि मतदान अधिकृतले मतदानको लागी निर्धारित समयसम्म मतदान केन्द्रमा मतदान कार्य जारी राख्नु पर्नेछ ।

(१६) मोवाइल, क्यामेरा तथा फोटो खिच्ने सामाग्री वा कुनै प्रकारको हतियार साथमा लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति, मतदाता भएतापनि मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिनु हुँदैन ।

(१७) मतदानको समय समाप्त हुनु भन्दा ३० मिनेट अगाडी मतदान अधिकृतले मतदाताहरुले स्पष्टसँग सुन्ने गरी मतदानको समय सकिन लागेको जानकारी गराउनु पर्नेछ ।

(१८) मतदान अधिकृतले मतदान कार्य समाप्त भइसके पछि तथ्यांक फारामका आधारमा कति मत खसेको छ सोको विवरण उल्लेख गर्नुपर्नेछ ।

११. <u>मतदान कार्य सम्पन्न सम्बन्धी व्यवस्था</u> : (१) मतदान कार्य समाप्त भइसकेपछि मतदान अधिकृतले सो मतदान केन्द्रका प्रतिनिधिको रोहवरमा मतपेटिकाको मतखसाल्ने प्वाल वन्द गरी सिलबन्दी गर्नुपर्नेछ।

(२) निर्वाचन अधिकृतले मतदानको काम समाप्त भएपछि मतपत्रको फाँटवारी तयार गर्नुपर्नेछ।

(३) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि मतदानका सन्दर्भमा प्रयोग भएका कागजपत्रहरु खामवन्दी गरी सुरक्षित राख्नु पर्नेछ ।

१२. <u>विशेष परिस्थितिमा मतदान स्थगित गर्ने</u> : (१) कुनै विशेष वा असामान्य परिस्थिति उत्पन्न भई मतदान कार्य सुचारु हुन नसक्ने अवस्था आएमा मतदान अधिकृतले सूचना प्रकाशन गरी केही समयको लागि समय

तोकी मतदान रोक्न आदेश दिन सक्नेछ र सो को जानकारी निर्वाचन अधिकृत र निर्वाचन समितिलाई तुरुन्त दिनु पर्नेछ ।

(२) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावस तोडफोड भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सम्वन्धित निर्वाचन अधिकृत र निर्वाचन समितिलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(३) कुनै मतदान केन्द्रमा असमान्य परिस्थिति भई हुलदंगा तथा प्राकृतिक विपत एवम कावु वाहिरको कुनै परिस्थिति सिर्जना भएमा र मतदानको प्रकृया हुन नसक्ने परिस्थिति देखिएमा स्थगित हुनुपर्ने कारण समेत उल्लेख गरि निर्वाचन अधिकृतले निर्वाचन स्थगित भएको सूचना प्रकाशन गर्नु पर्नेछ । साथै, मतदान केन्द्रको अनाधिकृत रुपमा कब्जा भएमा समेत मतदान कार्य स्थगित गर्नु पर्नेछ र सो को जानकारी निर्वाचन अधिकृत र निर्वाचन समितिलाई तुरुन्त दिनु पर्नेछ ।

(४) मतदान स्थगित गर्दा स्थगित हुनुको कारण जानकारी गराई ,मतदान स्थलका सम्पूर्ण मतदान सामाग्री सुरक्षित गरेर मात्र मतदान स्थगित गर्नु पर्नेछ ।

(५) मतदान रद्द वा स्थगित भएको मतदान केन्द्रमा परिस्थति सहज हुने वित्तिकै तत्कालै मतदान अधिकृतले पुनः मतदान हुने ब्यवस्था मिलाउनु पर्नेछ ।

१३. <u>मतदान केन्द्रवाट प्रस्थान</u> : (१) मतदान कार्य समाप्त भइसकेपछि मतदान अधिकृतले सिलबन्दी गरी मतपेटिका र मतदान सम्वन्धि अन्य कागजात मतगणना स्थल वा निर्वाचन अधिकृतको कार्यालय पुयाऱ्उनु पर्नेछ ।

(२) मतदान अधिकृतले मतदान केन्द्रवाट ल्याएको मतपेटिका, प्रयोग नभएका मतपत्र अन्य मतदान सामाग्रीहरु निर्वाचन अधिकृतलाई विवरण सहित वुझाउनु पर्नेछ ।

(३) मतपेटिका बन्द गरेको सुरक्षणसिल चुँडिएमा वा कसैले चुडाँएको प्रमाणित भएमा वा आशंका लागेमा तुरुन्त निर्वाचन अधिकृत र निर्वाचन समितिलाई जानकारी गराउनु पर्नेछ ।

(४) मतदान अधिकृतले निर्वाचन सम्वन्धि ऐन, नियम, निर्देशिका, कार्यविधि वा निर्वाचन समितिले समय समयमा जारी गरेका आदेश वा निर्देशनको पालना गर्नु पर्नेछ ।

(५) मतदान अधिकृतले निर्वाचन आचारसहिंताको वारेमा जानकारी लिई मतदानका क्रममा उल्लिखित आचारसहिंता पालना भए नभएको विषयमा वुझि आचारसहिंता पालना गर्न लगाउनु पर्नेछ।

(६) मतदान अधिकृतले निर्वाचनको कामको सिलसिलामा सम्वन्धित सरोकारवालासँग आवश्यक सहयोग लिन सक्ने छ ।

## परिच्छेद ४

### मतगणना

१४. **मतगणना सम्बन्धी व्यवस्था** : (१) निर्वाचन अधिकृतले मतगणना कार्यको लागि आवश्यकता अनुसारको मतगणनाको टोलि गठन गर्नुपर्नेछ।

(२) निर्वाचन अधिकृतले सरोकारवालासँग समन्वय गरी मतदान सम्पन्न भएपछि मतपेटिका सुरक्षित एवम व्यवस्थित रुपमा संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) निर्वाचन अधिकृतले मतदान हुने दिन भन्दा अगावै उपयुक्त स्थलमा मतगणना हुने स्थान तोकी सोको जानकारी गराउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले मतपेटिका बुझिलिई सुरक्षित रुपमा राख्ने स्थान र मतगणना गर्ने स्थानको प्रवन्ध गर्नुपर्नेछ ।

(५) निर्वाचन अधिकृतले मतदान अधिकृतवाट प्राप्त मतदान भएका मतपेटिका तथ अन्य निर्वाचन सामाग्री वुझिलिई भपाई गरिदिने व्यवस्था गर्नुपर्नेछ ।

(६) सबै मतपेटिका प्राप्त भइसकेपछि निर्वाचन अधिकृतले मतगणना हुने मिति र समय उल्लेख गरी आफ्नो कार्यालयमा मतगणनाको सूचना प्रकाशन गर्नुपर्नेछ।

(७) निर्वाचन अधिकृतले मतगणनाका लागी आवश्यक योग्य जनशक्तिको प्रवन्ध गर्नुपर्नेछ।

(८) उम्मेदवारले मतगणनाको लागि प्रतिनिधि छनौट गरी निर्वाचन अधिकृतलाई जानकारी दिनु पर्नेछ। उक्त प्रतिनिधिलाई निर्वाचन अधिकृतले तोकिएको ढाँचामा परिचय पत्र दिनु पर्नेछ ।

(९) निर्वाचन अधिकृतले आधिकारिक व्यक्ति वाहेक अन्य व्यक्तिलाई मतगणना स्थलमा प्रवेश गर्न रोक लगाउनु पर्नेछ ।

(१०) निर्वाचन अधिकृतले पुर्व प्रकाशित सूचनामा उल्लेख गरेको स्थान, मिति र समयमा प्रतिनिधिको रोहवरमा मतगणनाको कार्य प्रारम्भ गर्नु पर्नेछ ।

(११) निर्वाचन अधिकृतले मतगणना सुरु गर्नु अघि उपस्थित उम्मेदवार वा प्रतिनिधिको रोहवरमा मतदान अधिकृतले वुझाएको मुचुल्का वमोजिम मतपत्र रहेको मतपेटिकाको जाचँ गर्नुपर्नेछ। उपस्थित उम्मेदवार वा प्रतिनिधिको रोहवरमा मात्र मतगणना सुरु गर्नु पर्नेछ ।

(१२) निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिलाई मतगणनको विधि र प्रकृयाको वारेमा जानकारी गराई सोही वमोजिम मतगणना गराउनु पर्नेछ ।

(१३) मतगणना गर्दा एउटा मतपत्रमा उल्लिखित सवै उम्मेदवारले पाएको मत गणना नगरी अर्को मतगणना गर्नु हुदैंन । यसरी मतगणना गर्दा सदर र वदर मतको समेत संख्या खुलाउनु पर्ने छ भने मतगणनाको प्रगति विवरण र सोको आवधिक नतिजा समय समय सरोकारवालालाई जानकारी गराउनु पर्नेछ ।

(१४) **मतपत्र वदर हुने अवस्थाहरुः** मतगणना गर्दा निर्वाचन अधिकृतले देहाय वमोजिमको मतपत्र वदर गर्नुपर्नेछ : (क) सम्वन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) समितिद्वारा निर्धारित चिहन वाहेक अन्य चिहन वा छाप लगाई मत संकेत गरिएको,

(ग) मत संकेत चिहन नवुझिएको वा लतपतिएको वा च्यातिएको,

(घ) मतपत्रमा निर्वाचन गर्नुपर्ने भन्दा वढी उम्मेदवारको निर्वाचन चिहन वा नाम भएको,

(ङ) मत संकेत चिहन एकभन्दा वढी उम्मेदवारको कोठामा पर्ने गरी मत संकेत गरिएको,

(च) मत संकेत नगरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(छ) कुनै पनि चिन्हमा मत संकेत नगरिएको।

(ज) निर्वाचन समितिद्वारा निर्धारित मतपत्र वाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको ।

(झ) मतपेटिका भन्दा वाहिर राखिएको,

(ञ) जाली मतपत्र

(ट) मतपत्रभित्र रुपैंया, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको,

(ठ) पट्याइएको मतपत्रभित्र अन्य मतपत्र समेत एकसाथ पट्याइएको,

(ड) उम्मेदवारको नाम वा निर्वाचन चिन्ह रहेको कोठामा र निर्वाचन चिन्ह

वा नाममा रहेको कोठाभन्दा वाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसंकेत गरेको ।

(१५) मतपेटीकामा रहेका सबै मतपत्रहरुको गणना नसकिएसम्म मतगणना कार्य जारी राख्नुपर्नेछ ।

(१६) निर्वाचन अधिकृतले मतगणनाको काममा रोकावट गर्ने वा वाधा गर्ने व्यक्तिलाई सो स्थानवाट तत्काल वाहिर जान आदेश दिनेछ ।

(१७) मतगणना गर्ने स्थान कसैले अनधिकृत रुपमा कब्जा गरेमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल रोकी त्यसको प्रतिवेदन निर्वाचन समितिलाई बुझाउनु पर्नेछ ।

(१८) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलवन्दी हुनुभन्दा अगावै कुनै पनि उम्मेदवार वा निजको प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याइ गणना गर्न पाउँ भनी तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन निर्वाचन अधिकृतले दर्ता गर्नुपर्नेछ।

(१९) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलवन्दी हुनुभन्दा अगावै कुनै पनि उम्मेदवार वा निजको प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याइ गणना गर्न पाउँ भनी तोकिएको ढाँचामा निवेदन दिएमा वा सो कार्य निर्वाचन अधिकृतले आवश्यक ठानेमा पुनः मतगणना गर्ने निर्णय गर्नु पर्नेछ। पुन मतः गणना गर्न आवश्यक नठानेमा सोही अनुसारको सूचना दिनु पर्नेछ।

(२०) जुनकुनै पदको निर्वाचनमा मतदान भएको सबै मतपत्रको मतगणना कार्य समाप्त भएपछि दुई वा सो भन्दा वढी उम्मेदवारले प्राप्त गरेको सदर मत बरावर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले त्यसरी बरावर मत पाउने सबै उम्मेदवारका विच गोलाहाली निर्णय गर्नुपर्नेछ । गोला हाल्ने सम्वन्धी अन्य प्रकृया उम्मेदवारको सहमतिमा गर्नु पर्नेछ यदि सहमति कायम हुन नसकेमा निर्वाचन अधिकृतले निर्धारण गरेको गोला हाल्ने प्रकृया वमोजिम हुनेछ।

(२१) मतगणनाको कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको मुचुल्का गर्नुपर्नेछ।

(२२) निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गर्दा तोकिएको पदमा सवैभन्दा वढी सदर मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(२३) निर्वाचन अधिकृतले तोकिएको ढाँचामा निर्वाचित उम्मेदवारलाई निर्वाचित भएको प्रमाणपत्र दिनु पर्नेछ। सो जानकारी अभिलेखका लागि निर्वाचन समितिमा बुझाउनु पर्नेछ ।

१६. **विविध** : (१) कुनै पनि उम्मेदवार वा निजको प्रतिनिधि मतगणना कार्यमा उपस्थित नभएमा वा निजले गर्नुपर्ने कार्य नगरेमा सोही कारणले मात्रै मतगणना रोकिने छैन। निर्वाचन अधिकृतले सोही ब्यहोराको मुचुल्का तयार गरी मतगणना कार्यलाई सूचारु गर्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले आवश्यकता अनुशार निर्वाचनमा प्रयोग भएको कागजात मतगणनाको प्रयोजनका लागि हेर्न सक्ने छ।

(३) निर्वाचन परिणाम घोषणा भइसकेपछि निर्वाचन अधिकृतले मतगणना प्रयोजनका लागी प्रयोग गरिएका सम्पुर्ण कागजात र सामानहरु गोप्य राखि निर्वाचन समितिको कार्यालयमा बुझाउनु पर्नेछ।

(४) निर्वाचन अधिकृत वा मतगणना अधिकृतले मतगणनाको कामको सिलसिलामा सरोकारवाला निकायसँग मद्दत लिन वा समन्वय गर्न सक्नेछ।

(५) निर्वाचन सञ्चालन गर्नका लागी निर्वाचन समितिले दिएको आदेश वा निर्देशन सम्वन्धित सवैले पालना गर्नुपर्नेछ ।

(६) निर्वाचन अधिकृतले आफ्नो कर्तब्य पालना गर्दा गराँउदा कुनै कुरा वा कामको सन्दर्भमा द्विविधा भएमा निर्वाचन समितिमा तुरुन्त सम्पर्क गरी समितिको निर्देशन अनुशार गर्नु पर्नेछ ।

## परिच्छेद ५

## विवाद निरुपण तथा सुनुवाई

१७. **निर्वाचन विवाद जाँचबुझ गरी निरुपण गर्नु पर्ने** : (१) निर्वाचन समितिले विवाद निरुपणका सन्दर्भमा आवश्यक काम कारवाही गर्न गराउन सक्नेछ।

(२) निर्वाचन अधिकृत समक्ष प्राप्त उजुरी आफुले समाधान गर्न मिल्ने भए आफैंले समाधान गर्ने र गर्न नमिल्ने भए तत्काल समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) मतदान अधिकृत समक्ष प्राप्त उजुरी आफुले समाधान गर्न मिल्ने भए आफैंले समाधान गर्ने र गर्न नमिल्ने भए तत्काल निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(४) निर्वाचन विवाद सम्वन्धी सुनुवाई गर्दा परेको लिखित उजुरीको आधारमा गर्नुपर्नेछ। एकै विषयमा एक भन्दा वढी निकाय वा अधिकारीलाई सुनुवाईको अधिकार रहेको अवस्थामा जुन निकायमा पहिलो निवेदन पर्न आएको हो सोही निकायले सुनुवाई गरी सो विषयको जानकारी समितिमा गराउनु पर्नेछ ।

(५) निर्वाचन अधिकृतले मतगणनाको क्रममा मतदान अधिकृतले बुझाएको मुचुल्कामा उल्लेख गरे वमोजिम खसेको मतपत्रको संख्या र मतपेटिकामा रहेको मतपत्रको सख्या सम्वन्धी विवाद भएमा मतपेटीकामा रहेको संख्यालाई खसेको मत मानी निर्णय गर्नु पर्नेछ ।

(६) विवादको जाँचवुझ वा छानविन गर्दा देहाय वमोजिमका कार्यविधि अपनाउनु पर्नेछ :

(क) उम्मेदवारको अयोग्यता सम्वन्धमा समितिमा प्राप्त उजुरी उपर आवश्यक जाँचवुझ गरी सिफारिस गर्न समितिमा पठाउनु पर्नेछ र सो उजुरी उपर २४ घण्टा भित्र निर्णय गरी सो निर्णयको सूचना सम्वन्धित अधिकारीलाई गर्नुपर्नेछ।

(ख) मतदान स्थल, मतगणना स्थल कब्जा भएमा सो सम्वन्धि सूचना निर्वाचन अधिकृतवाट माग गरी उक्त विषयमा छानविन र जाँचवुझ गरी मनासिव समयभित्र आवश्यक निर्णय गर्ने।

(ग) मतपत्र वदर सम्वन्धि विवाद भएमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र नभएको हकमा निर्वाचन अधिकृत वा निर्वाचन समितिले वदर हुने भनी निर्णय गरेका मतपत्र वदर हुनेछ ।

(७) निर्वाचन प्रक्रियाको कुनैपनि बिषयमा भएको विवादको निरुपण गर्दा निर्वाचन समितिले दिएको निर्णय नै अन्तिम हुनेछ ।

(८) निर्वाचन प्रक्रियाको कुनैपनि बिषयमा भएको विवाद को निरुपण गर्दा निर्वाचन समिति, निर्वाचन अधिकृत वा मतदान अधिकृतले दिएको निर्णय तथा गरेको कारबाहीका सम्बन्धमा कसैलाई चित्त नबुझेमा सम्बन्धित निकायमा प्रचलित कानुन बमोजिम उजुरी गर्न सकिनेछ।

## परिच्छेद ६

### विविध

१८. <u>कार्यविधिमा संसोधन गर्न सकिने</u> : निर्वाचन समितिले यस कार्यविधिमा आवश्यकता अनुसार कुनै विषय थपघट वा हेरफेर गर्न सक्नेछ ।